# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
### सिंहदरबार, काठमाडौं
### (प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४ मिति:२०८३/०४/१९

चलानी नं ४४ ने.सं. ११४६

श्री स्थानीय तह सबै,

विषय:निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रमका लागि आवेदन आव्हानको सूचना सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि वन तथा पर्यावरण मन्त्रालय कृषि विकास विभाग अन्तर्गत राष्ट्रिय फलफूल विकास आयोजना केन्द्रीय आयोजना व्यवस्थापन इकाईको प.सं.२०८३/८४ च.नं.५१ मिति २०८३/०४/१९ को पत्र साथ आ.व. २०८३/८४ मा सञ्चालन हुने निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम अन्तर्गत आयोजना लागू भएका कोशी बागमती गण्डकी कर्णाली र सुदुरपश्चिम प्रदेशमा सञ्चालनमा रहेका फलफूल नर्सरीको क्षमता विस्तार तथा उत्पादन हुने विरुवाहरुको गुणस्तर सुधार गर्न इच्छुक नर्सरीधनीहरुबाट प्रस्ताव माग गरिएको सूचना यसै साथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकत

बोधार्थ:

श्री राष्ट्रिय फलफूल विकास आयोजना,
केन्द्रीय आयोजना व्यवस्थापन, इकाई किर्तिपुर ।

श्री सूचना प्रविधि शाखा:वेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
...mofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## केन्द्रीय आयोजना व्यवस्थापन एकाइ

कीर्तिपुर, काठमाण्डौ

पत्र संख्या :- ०८३/८४
चलानी नं :- ५९

मितिः २०८३/०४/१९
ने.सं ११४६ दिल्लागा पञ्चमी

श्री स्थानीय तह समन्वय शाखा
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः निजि फलफूल नर्सरी सुदृढीकरण कार्यक्रमका लागी आवेदन आव्हानको सुचना सम्बन्धमा।**

प्रस्तुत विषयमा केन्द्रीय आयोजना व्यवस्थापन एकाइबाट आ.व. २०८३/८४मा संचालन हुने निजि फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम अन्तर्गत आयोजना लागु भएका कोशी, बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा संचालनमा रहेका फलफूल नर्सरीको क्षमता विस्तार तथा उत्पादन हुने बीरुवाहरुको गुणस्तर सुधार गर्न आवश्यक क्रियाकलाप संचालन गर्न ५०% सम्म अनुदान दिने कार्यक्रम रहेकाले सो सम्बन्धमा आयोजनाबाट आह्वान भएको प्रस्तावमा सम्बन्धित स्थानीय तहहरुबाट सहभागी हुन इच्छुक नर्सरीधनीहरु सम्म यसैपत्र साथ संलग्न प्रकाशित सुचना सम्प्रेषण हुने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ।

............................
महेश चन्द्र आचार्य
आयोजना निर्देशक

नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
कीर्तिपुर, काठमाण्डौं।

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१९

## निजी फलफूल नर्सरी सुदृढिकरण (स्किम ६) कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान गरिएको बारे सूचना।

"पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" अनुसार गुणस्तरीय फलफूल बिरुवा उत्पादन गर्ने निजीस्तरमा सञ्चालित फलफूल नर्सरीहरुको बिरुवा उत्पादन क्षमतामा परिमाणात्मक तथा गुणात्मक क्षमता वृद्धि गर्नका लागि नर्सरी तथा प्रयोगशाला सहितको नर्सरी पूर्वाधार विकास एवं सुदृढिकरण कार्यक्रम सञ्चालन गर्न स्वीकृत लागतको अधिकतम ५० प्रतिशत अनुदान प्रदान गर्ने कार्यक्रम रहेकाले आयोजना लागु भएको स्थानीय तहहरुमा सेवा दिन सक्ने सम्भावना भएका कानून बमोजिम दर्ता भइ सञ्चालनमा रहेका निजी नर्सरीहरुले आवश्यक कागजात सहित प्रदेशस्थित आयोजना कार्यान्वयन एकाइमा वा केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, कीर्तिपुरमा सूचना जारी भएको मितिले ३० (तिस) दिनभित्र आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरणः

(क) अनुसूची ११ बमोजिमको निवेदन
(ख) अनुसूची ५२ बमोजिमको व्यवसायिक योजना सहितको प्रस्ताव
(ग) दर्ता/नवीकरण/स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
(घ) संस्थागत बैठकको निर्णय प्रतिलिपि
(ङ) नर्सरी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(च) कम्पनीको हकमा प्रवन्धपत्रको प्रतिलिपि तथा अन्यको हकमा फलफूल नर्सरी सञ्चालनको उद्देश्य खुलेको आधिकारिक कागजात
(छ) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
(ज) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको)
(झ) अनुसूची ५३ बमोजिमको प्रतिबद्धता पत्र
(ञ) अनुसूची २० बमोजिम लगानीको क्षमता रहेको स्वघोषणा
(ट) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,
(ठ) प्रस्तावित पूर्वाधार र औजार उपकरणको हकमा प्रारम्भिक लागत अनुमान
(ड) अनुसूची १९ आवेदकको तर्फबाट आधिकारी प्रतिनिधि भई अनुदान सम्बन्धि कार्य गर्ने व्यक्ति तोकिएको संस्थागत निर्णय सहित उक्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि र नमूना दस्तखत

नोटः आवेदन तथा अनुसूचीहरुको नमूना आयोजनाको वेवसाईट www.nafha.gov.np बाट download गरी प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि सम्बन्धित प्रदेशको आयोजना कार्यान्वयन एकाइ वा केन्द्रीय आयोजना व्यवस्थापन एकाइको फोन नं.: ०१-५२०५०३७ मा सम्पर्क गर्न सकिनेछ।

## कार्यक्रम सम्बन्धमा थप जानकारी प्राप्त गर्न तथा आवेदन पेश गर्न सकिने कार्यालयहरु:

१) केन्द्रीय आयोजना व्यवस्थापन एकाइ-कीर्तिपुर काठमाण्डौ (सम्पर्क नं: ०१५९५०३७/९८५५०५३२१८)

२) आयोजना कार्यान्वयन एकाइ, कोशी प्रदेश - NAFHA PIU, मोरङ्ग (सम्पर्क नं: ९८५२०४०१३९)

३) आयोजना कार्यान्वयन एकाइ, बाग्मती प्रदेश - NAFHA PIU, मकवानपुर (सम्पर्क नं: ९८५५०८६३६०)

४) कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,गण्डकी प्रदेश/आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश - NAFHA PIU, कास्की (सम्पर्क नं: ९८५६००८५६६)

५) आयोजना कार्यान्वयन एकाइ, कर्णाली प्रदेश - NAFHA PIU, सुर्खेत (सम्पर्क नं: ९८६१५४८८७२)

६) आयोजना कार्यान्वयन एकाइ, सुदुरपश्चिम प्रदेश - NAFHA PIU, डोटी (सम्पर्क नं: ९८४८४३५४६२)

आयोजना निर्देशक